**२०७७ साल असोज २ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** रेसुङ्गा नगरपालिका, गुल्मी र हाकिन्ज नगरपरिषद् संयुक्त अधिराज्य (बेलायत) बीच भगिनी सम्बन्ध स्थापना गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** त्रिवेणी गाँउपालिकाको वडा संख्या र सीमाना हेरफेर गरी वडा क्रम मिलान गर्न नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, भित्रमा विभिन्न क्षेत्रमा विशिष्ठ योगदान पुर्याउने व्यक्तिलाई प्रदेश सरकारको तर्फबाट कदर तथा सम्मान स्वरुप पदक प्रदान गर्ने ।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** सूचना तथा संचार प्रविधि प्रतिष्ठानमा अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

५. **सामाजिक विकास मन्त्रालयः** शव वाहन खरिदका लागि कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोषबाट रकम उपलब्ध गराउने ।

६. **सामाजिक विकास मन्त्रालयः** जिल्लास्तरीय अस्पतालहरुलाई ५० शैयामा स्तरोन्नती गर्ने।

७. **सामाजिक विकास मन्त्रालयः** डा.वर्षा थापा (प्रमुख कन्सल्टेन्ट डेन्टल सर्जन)अधिकृत एघारौं लाई लुम्बिनी प्रादेशिक अस्पतालमा कामकाजमा खटाउने ।